श्रमजीवी वर्गको सम्मानित, समृद्ध र सिर्जनशील जीवन !

# नेपाल ट्रेड यूनियन महासंघको

# विधान

# नेपाल ट्रेड यूनियन महासंघको विधान २०४६

**प्रथम संशोधन**

२०५२ चैत्र १–३ (१९९६ मे) दोस्रो महाधिवेशनबाट पारित

**दोस्रो संशोधन**

२०५७ वैशाख १८–२० (२००० मे) तेस्रो महाधिवेशनबाट पारित

**तेस्रो संशोधन**

२०६१ वैशाख १९–२२ (२००४ मे) चौथो महाधिवेशनबाट पारित

**चौथो संशोधन**

२०६५ चैत २२–२५ (२००९ अप्रिल) पाँचौ महाधिवेशनबाट पारित

**पाँचौं संशोधन**

२०७० चैत १४–१७ (२०१४ मार्च) छैटौं महाधिवेशनबाट पारित

**छैठौं संशोधन**

२०७३ साउन ०४–०५ (२०१६ जुलाई) संघीयताअनुरुप बनाउन राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्बाट पारित

**सातौं संशोधन**

२०७४ चैत १४–१७ (२०१८ मार्च) सातौं महाधिवेशनबाट पारित

**आठौं संशोधन**

२०७९ साउन ०७–१० (२०२२ जुलाई) आठौं महाधिवेशनबाट पारित

# विषयसूची


| | | |
|---|---|---|
| भाग–१ | प्रारम्भिक | ४ |
| भाग–२ | परिभाषा | ५ |
| भाग–३ | उद्देश्य | ६ |
| भाग–४ | सदस्यता | ७ |
| भाग–५ | संगठनात्मक सिद्धान्त र ढाँचा | ९ |
| भाग–६ | महाधिवेशन तथा बैठक | १० |
| भाग–७ | पदाधिकारीको काम, कर्तव्य र अधिकार | २४ |
| भाग–८ | केन्द्रीय निकायहरू | २८ |
| भाग–९ | राजीनामा, पदरिक्तता र पदपूर्ति | ३० |
| भाग–१० | अनुशासनको कारवाही | ३१ |
| भाग–११ | नेतृत्व निर्वाचन | ३३ |
| भाग–१२ | कोष तथा लेखापरीक्षण | ३४ |
| भाग–१३ | विविध | ३६ |

# प्रस्तावना

२००३ साल फागुन २० गतेबाट शुरु भएको ऐतिहासिक मजदुर आन्दोलनबाट स्थापित देशको पहिलो ट्रेड यूनियन केन्द्र–अखिल नेपाल ट्रेड यूनियन कांग्रेसको इतिहासलाई निरन्तरता दिंदै,

सार्वभौमसत्ता सम्पन्न जनताको अधिकारको अवमूल्यन गर्दै २०१७ सालमा नेपाली जनतामाथि राजतन्त्रद्वारा लादिएको निरंकुश सत्ताले यूनियनमाथि लगाएको प्रतिबन्ध र त्यसपछिका दमनबाट पाठ सिक्दै,

२०३५/३६ सालको ऐतिहासिक आन्दोलनबाट नेपाली ट्रेड यूनियन आन्दोलनको दोस्रो संस्करणको रूपमा नेपाल स्वतन्त्र मजदुर यूनियन र क्रमशः अन्य क्षेत्रमा समेत यूनियन स्थापना गरी ट्रेड यूनियनहरूको आपसी एकतामा मात्र मजदुर तथा आमश्रमजीवी वर्गको उन्नति हुने र वर्गीय प्रतिद्वन्द्वीहरूसँग सक्षमतापूर्वक प्रतिस्पर्धा गर्न सकिने कुरामा विश्वस्त भई,

तत्कालीन समयमा संघर्षरत मूलतः चारवटा राष्ट्रिय ट्रेड यूनियनहरू र आधा दर्जनभन्दा बढी स्थानीय तहमा क्रियाशील यूनियनहरू मिली सन् १९८९ जुलाई २० (२०४६ साउन ५ गते) का दिन नेपाल ट्रेड यूनियन महासंघ (General Federation of Nepalese Trade Unions–GEFONT) को भूमिगतरूपमा स्थापना भएको गौरवमय क्षणलाई स्मरण गर्दै,

२०४६ सालको जन आन्दोलनबाट निरंकुश पंचायती व्यवस्थाको अन्त्य भई स्थापित प्रतिस्पर्धामा आधारित बहुलवादी खुला वातावरणमा ट्रेड यूनियन आन्दोलनलाई कानुनसम्मत ढंगले संस्थागत गर्दै र २०६२/२०६३ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त उपलब्धिको रूपमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा सक्रिय सहभागी हुँदै,

आर्थिक शोषणका सबै रूपहरूलाई समाप्त पारी वर्गीयरूपमा समतामूलक राज्य प्रणाली स्थापना गर्न र वर्ग आधारित लैङ्गिक, जातीय र क्षेत्रीय समावेशीकरणको माध्यमबाट सामाजिक उत्पीडनका सबै रूपलाई अन्त्य गरी भेदभावमुक्त समाज स्थापना गर्न,

उचित श्रम अभ्यास तथा संगठन स्वतन्त्रतालाई श्रमिकहरूको मौलिक हकको रूपमा स्थापित गरी नीति निर्माणमा मजदुर तथा श्रमजीवी वर्गको पहुँच स्थापित गर्न राज्यका सबै तहमा श्रमिक प्रतिनिधित्व सुनिश्चितताका लागि,

नेपाली श्रमिक तथा श्रमजीवीहरू बीचको एकतालाई सुदृढ बनाई त्यसको नेतृत्व गर्न सक्षम ट्रेड यूनियन आन्दोलनलाई अगाडि बढाउन "समाजवाद र श्रमजीवी वर्गको सम्मानित, समृद्ध र सिर्जनशील जीवन" को लक्ष्य प्राप्तिको लागि,

नेपाली ट्रेड यूनियन आन्दोलनको मूलधारको रूपमा स्थापित स्वतन्त्र, संघर्षशील, सदस्य आधारित ट्रेड यूनियन केन्द्र – नेपाल ट्रेड यूनियन महासंघको विधानलाई नेपालको संविधानले संघीय संरचनामा मुलुकलाई लैजान गरेको व्यवस्थालाई कार्यान्वयन गर्नेक्रममा समसामयिक परिमार्जन गर्न आवश्यक भएकोले नेपाल ट्रेड यूनियन महासंघको विधान–२०४६ मा आठौं राष्ट्रिय महाधिवेशनबाट समसामयिक संशोधनसहित तत्काल लागू हुने गरी जारी गरिएको छ ।

भाग–१

# प्रारम्भिक

### धारा–१ संक्षिप्त नाम

यस महासंघको नाम नेपाल ट्रेड यूनियन महासंघ रहनेछ । अंग्रेजीमा General Federation of Nepalese Trade Unions भनिनेछ । छोटकारी नाम नेपालीमा महासंघ र अंग्रेजीमा GEFONT हुनेछ ।

### धारा – २ प्रारम्भ

यो विधान नेपाल ट्रेड यूनियन महासंघको राष्ट्रिय महाधिवेशनबाट पारित भएपछि तत्काल लागू हुनेछ ।

### धारा–३ ट्रेड यूनियन महासंघ हुने

यो महासंघ नेपालका उद्योग, सेवा र कृषिलगायतका औपचारिक, अनौपचारिक तथा स्वरोजगार क्षेत्रमा क्रियाशील ट्रेड यूनियन संघहरूको साझा ट्रेड यूनियन महासंघ हुनेछ ।

**धारा–४ झण्डा एवं प्रतीक चिन्ह**

१. महासंघको झण्डा तल्लो भागमा निलो किनारा रहेको रातो पृष्ठभूमिको बीचमा नौवटा दाती रहेको, दातीभित्र विश्वको चिन्हको बीचमा अंग्रेजी अक्षर GEFONT लेखिएको लम्बाई चौडाई ३ः२ आकारको अनुसूची १ बमोजिम हुनेछ । तल्लो किनारामा रहेको निलो र माथिल्लो भागको रातो पृष्ठभूमिलाई बीचमा सेतो रंगले छुट्याइएको हुनेछ ।

२. महासंघको प्रतीक चिन्ह अनुसूची २ बमोजिम हुनेछ ।

**धारा–५ संगठित संस्था हुने**

१. यो महासंघ अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

२. महासंघको काम कारबाहीका लागि यसको आफ्नै छुट्टै छाप हुनेछ ।

३. महासंघले व्यक्तिसरह चल–अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले व्यवस्था गर्न सक्नेछ ।

४. महासंघले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुरी गर्न सक्नेछ । र, महासंघउपर पनि सोही नामबाट नालिस उजुरी गर्न सक्नेछ ।

भाग–२

# परिभाषा

**धारा–६ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा**

१. “श्रमिक” भन्नाले मानसिक वा शारीरिक श्रम गरेबापत पारिश्रमिक प्राप्त गर्ने सबै ज्याला आर्जकहरूलाई सम्झनु पर्दछ । सो शब्दले आफ्नो पुँजी लगारी गरी आफै काममा संलग्न हुने स्वरोजगारलाई समेत सम्झनु पर्दछ ।

२. “ट्रेड यूनियन” भन्नाले प्रतिष्ठान स्तरको ट्रेड यूनियन, ट्रेड यूनियन संघ एवं ट्रेड यूनियन महासंघ समेतलाई सम्झनु पर्दछ ।

३. “सदस्य यूनियन” भन्नाले यस विधानबमोजिम यस महासंघको सदस्यता प्राप्त सम्बद्ध र संलग्न ट्रेड यूनियन संघ सम्झनु पर्दछ ।

४. “मातहत कमिटी” भन्नाले आफूअन्तर्गत आफ्नो भन्दा कम क्षेत्राधिकार भएको कमिटी सम्झनुपर्दछ। र सो शब्दले महासंघअन्तर्गतका विभाग, कमिटी, आयोग र सदस्य यूनियन समेतलाई सम्झनु पर्दछ।

५. ‘सम्बद्ध सदस्य यूनियन” भन्नाले पञ्जिकाधिकारीको कार्यालयमा दर्ता भएका महासंघको सदस्यता प्राप्त ट्रेड यूनियन संघहरूलाई सम्झनु पर्दछ।

६. ‘संलग्न सदस्य यूनियन” भन्नाले पञ्जिकाधिकारीको कार्यालयमा दर्ता नभएका महासंघको सदस्यता प्राप्त ट्रेड यूनियन संघहरूलाई सम्झनु पर्दछ।

७. “यूनियन परिषद्” भन्नाले महासंघको सदस्यता प्राप्त यूनियनहरूलाई संयोजन गर्ने गरी गठन गरिएको यूनियनहरूको समन्वयकारी संयन्त्रलाई सम्झनु पर्दछ।

८. “निकाय” भन्नाले भाग–८ मा उल्लेख गरिएका केन्द्रीय निकायलाई सम्झनु पर्दछ।

९. “तोके वा तोकिएबमोजिम” भन्नाले यस महासंघको राष्ट्रिय कमिटीले तोके वा तोकिएबमोजिम सम्झनु पर्दछ।

भाग–३

# उद्देश्य

**धारा–७ महासंघ स्थापनाको उद्देश्य**

यो महासंघ आम श्रमजीवी वर्गको हक, हित र अधिकारको लागि क्रियाशील रहने गरी तथा पूर्णरूपमा मूनाफारहित उद्देश्यले स्थापना गरिएको छ। प्रचलित ट्रेड यूनियन ऐनमा उल्लिखित उद्देश्यहरूका अतिरिक्त यस यो महासंघ स्थापनाको उद्देश्य देहायबमोजिम रहेको छ :

१. श्रमजीवी वर्गलाई आफ्नो अधिकार र कर्तव्यप्रति सचेत गराउने र एकीकृत ट्रेड यूनियन आन्दोलन सुदृढ गर्ने।

२. श्रम क्षेत्रसँग सम्बन्धित विभिन्न पक्षको खोज–अनुसन्धान गर्ने एवं श्रमिक माथिको सामाजिक उत्पीडन र आर्थिक शोषणका तथ्यहरू सार्वजनिक गर्ने।

३. श्रमिकहरूको बौद्धिक स्तर विकास गर्न ट्रेड यूनियन तथा श्रमिक शिक्षालगायत विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गर्ने।

४. सामन्ती उत्पादन सम्बन्धको अन्त्य गर्ने र पुँजीवादी शोषणका विरोधमा श्रमिकहरूको संघर्ष सञ्चालन गर्ने।

५. श्रमिकहरूको अवस्थामा सुधार गरी तिनीहरूको आर्थिक र सामाजिक उन्नतिको लागि कार्यरत रहने।

६. श्रमिकहरूको हकहितको संरक्षण र सम्वर्द्धन गर्ने सम्बन्धमा नेपाल सरकारसँग वार्ता गर्ने र वार्ताबाट समस्या समाधान नभएमा हड्तालगायत विभिन्न दबाबमूलक उपायहरू समेत अपनाउने।

७. श्रमजीवी वर्गको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ऐक्यबद्धताको लागि क्रियाशील रहने।

८. सदस्य यूनियनको विधानले दिएको अधिकार प्रयोग गरी त्यस्ता ट्रेड यूनियनलाई आवश्यक नीति–निर्देशन जारी गर्ने र नियमित गर्ने।

९. सामाजिक आन्दोलनमा श्रमजीवी वर्गको भूमिका प्रभावकारी बनाउने।

१०. समाजमा विद्यमान वर्गीय, जातीय, लिङ्गीय र क्षेत्रीयलगायतका सामाजिक विभेद र कुसंस्कार विरुद्ध क्रियाशील रहने।

११. प्रतिस्पर्धामा आधारित बहुलवाद, संघीय लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकासमा सहयोग गर्ने।

१२. श्रमिकलाई स्वरोजगार तथा उद्यमीको रुपमा स्तर उन्नति गर्न/गराउन आवश्यक अभियानको संचालन गर्ने।

१३. यो विधानको विभिन्न धाराहरूमा उल्लिखित कार्य गर्ने तथा गराउने।

भाग–४

# सदस्यता

**धारा–८ सदस्यता प्राप्ति**

१. यस महासंघको विधान तथा कार्यक्रमलाई मान्ने मान्यता प्राप्त ट्रेड यूनियन संघ यस महासंघको सदस्य हुनेछ।

२. उपधारा (१) बमोजिम सदस्यता लिन चाहने ट्रेड यूनियन संघले महासंघको राष्ट्रिय कमिटी समक्ष निवेदन दिनुपर्नेछ।

३. उपधारा (२) बमोजिम निवेदन प्राप्त भएपछि सदस्यता दिने वा नदिने भन्ने निर्णय गर्ने अधिकार राष्ट्रिय कमिटीमा नीहित रहनेछ।

४. यस धाराबमोजिम सदस्यता प्राप्त सदस्यलाई सम्बद्ध यूनियन भनिनेछ।

५. सदस्य यूनियनहरूले प्रत्येक ४/४ वर्षमा सदस्यता नवीकरण गर्नुपर्नेछ। र, यसरी नवीकरण गर्दा ट्रेड यूनियन संघ नवीकरणको प्रमाणपत्र पेस गर्नुपर्नेछ।

**धारा–९ सदस्यतासम्बन्धी विशेष व्यवस्था**

१. महासंघको राष्ट्रिय कमिटीले आवश्यक ठानेमा नेपाली श्रमजीवी वर्गको हकहितप्रति प्रतिबद्ध एवं ट्रेड यूनियनको सांगठनिक गतिविधिमा क्रियाशील व्यक्तित्वलाई प्रतिष्ठानस्तरको ट्रेड यूनियनको सदस्यसरहको सदस्यता प्रदान गर्न सक्नेछ।

२. महासंघको राष्ट्रिय कमिटीले आवश्यक ठानेमा महासंघलाई सहयोग गर्ने कुनै स्वदेशी वा विदेशी व्यक्तित्वलाई मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ।

३. महासंघको विधान तथा कार्यक्रमलाई मान्ने तर ट्रेड यूनियन संघको रूपमा दर्ता भइनसकेका ट्रेड यूनियन संघलाई राष्ट्रिय कमिटीले संलग्न सदस्य यूनियनको सदस्यता दिन सक्नेछ। यस्ता संघको स्तर, महासंघसँगको अन्तर्सम्बन्धको सञ्चालन र महासंघमा प्रतिनिधित्वसम्बन्धी व्यवस्था राष्ट्रिय कमिटीले निर्धारण गरेबमोजिम हुनेछ।

**धारा–१० सदस्यता समाप्ति**

१. देहायको अवस्थामा सदस्य यूनियनको सदस्यता समाप्ति हुनेछ –

  क. सम्बन्धित सदस्य यूनियनको राष्ट्रिय अधिवेशनको २/३ बहुमतले सदस्यताबाट हट्ने गरी गरेको निर्णय महासंघको राष्ट्रिय कमिटीसमक्ष जानकारी दिएमा।
  ख. सदस्य यूनियनले अर्को ट्रेड यूनियन महासंघको सदस्यता लिएमा।
  ग. महासंघको राष्ट्रिय कमिटीले सदस्यताबाट हटाउने निर्णय गरेमा।
  घ. सदस्य यूनियन विघटन भएमा।

२. धारा ९ बमोजिम सदस्यता प्राप्त व्यक्तिलाई राष्ट्रिय कमिटीले यस विधानका अन्य धारामा उल्लिखित प्रावधानका अधीनमा रही सदस्यताबाट हटाउन सक्नेछ।

३. व्यक्तिगत सदस्यले सदस्यताबाट समेत राजीनामा दिएमा वा धारा १०(२) अनुसार सदस्यताबाट हटाइएमा त्यस्ता सदस्यको सदस्यता समाप्ति भएको मानिनेछ।

**धारा–११ सदस्यता शुल्क**

१. सम्बद्ध र संलग्न सदस्य यूनियनहरूले निम्नबमोजिम सदस्यता शुल्क बुझाउनु पर्नेछ।

क. प्रवेश शुल्क : रु. १०००/–

ख. सदस्यता शुल्क : सदस्यता शुल्कको निर्धारण सदस्य संख्याको आधारमा हुनेछ। यस्तो शुल्क महाधिवेशन हुँदाका बखत कायम रहेको औद्योगिक क्षेत्रका श्रमिकको न्यूनतम पारिश्रमिकको एक प्रतिशतभन्दा कम नहुने गरी निर्धारण गरिनेछ। साउन १, २०७९ देखि आगामी नवौं महाधिवेशन नभएसम्म सदस्यता शुल्क प्रतिवर्ष रु १७०/– कायम गरिएको छ।

२. कुनै सदस्यले एक महाधिवेशन अवधिको सदस्यता शुल्क अग्रिमरुपमा बुझाउन पाउनेछन् र अग्रिम सदस्यता शुल्क बुझाइसकेको सदस्यले बृद्धि भएको शुल्क थप बुझाउनुपर्ने छैन।

भाग–५

# संगठनात्मक सिद्धान्त र ढाँचा

**धारा–१२ संगठनात्मक सिद्धान्त**

१. यो महासंघ पूर्ण लोकतान्त्रिक सिद्धान्तमा आधारित हुनेछ।

२. महासंघका सदस्यहरू समान हुनेछन् र उनीहरूलाई यस विधानको अधीनमा रही आफ्नो भनाइ राख्ने तथा चुन्ने र चुनिने अधिकार हुनेछ।

**धारा–१३ महासंघको संगठनात्मक ढाँचा देहायबमोजिम हुनेछ –**

१. राष्ट्रिय महाधिवेशन
२. महाधिवेशन प्रतिनिधि परिषद्
३. राष्ट्रिय कमिटी
४. प्रदेश कमिटी/सदस्य यूनियन
५. जिल्ला समन्वय कमिटी
६. पालिका कमिटी

भाग–६

# महाधिवेशन तथा बैठक

## धारा–१४ राष्ट्रिय महाधिवेशन

१. नेपाल ट्रेड यूनियन महासंघको सर्वोच्च नेतृत्वदायी संस्था राष्ट्रिय महाधिवेशन हुनेछ।

२ राष्ट्रिय महाधिवेशन सामान्यतया प्रत्येक ४/४ वर्षमा हुनेछ। विशेष अवस्थामा महाधिवेशन प्रतिनिधि परिषद्को सदस्यहरूको बहुमतले माग गरेमा राष्ट्रिय कमिटीले महाधिवेशन निर्धारित समयभन्दा चाँडो बोलाउन सक्नेछ।

## धारा–१५ राष्ट्रिय महाधिवेशनमा प्रतिनिधिसम्बन्धी व्यवस्था

१. राष्ट्रिय कमिटी, महाधिवेशन प्रतिनिधि परिषद्का प्रमुख र उपप्रमुख, अनुशासन निरीक्षण आयोगका प्रमुख र सदस्यहरू, जिफन्ट ट्रेड यूनियन पोलिसी इन्स्टिच्युटका प्रमुख तथा कार्यकारी निर्देशक, लेखा आयोगका प्रमुख र सदस्यहरू, बरिष्ठ यूनियनकर्मी सञ्जालका प्रमुख तथा सदस्यहरू, र विपद व्यवस्थापन सञ्जालका प्रमुख तथा सदस्यहरू, संसदीय तथा स्थानीय तह संयोजन परिषद्का प्रमुख र सदस्यहरू, श्रमिक सहकारी प्रवर्द्धन बोर्डका प्रमुख र सदस्यहरू महाधिवेशनका आयोजक हुनेछन्। सदस्यता नवीकरण भएका सबै आयोजकहरू पदेन प्रतिनिधि हुनेछन्। तर सदस्यता नवीकरण नभएमा आयोजक भई सहभागी हुन बाधा पर्ने छैन।

२. राष्ट्रिय महाधिवेशनभन्दा तीन महिना अगाडि राष्ट्रिय कमिटीले महाधिवेशनमा निर्वाचित हुने कुल प्रतिनिधि संख्या निर्धारण गर्नेछ र प्रतिनिधि छनौट सम्बन्धमा निर्णय गर्दा निम्न कुराको पालना हुने कुराको सुनिश्चितता गर्नु पर्नेछ ः

   क. प्रत्येक सदस्य यूनियन र प्रदेशबाट कम्तिमा पाँच/पाँच जना।
   ख. महासंघको विभाग तथा सो मातहतका कमिटीबाट एक/एकजना।
   ग. महाधिवेशनका कुल प्रतिनिधिमा एक तिहाई महिलाको प्रतिनिधित्व हुने।
   घ. जिफन्ट केन्द्रीय युवा कमिटीका पदाधिकारी र सदस्यहरू पदेन प्रतिनिधि हुने।
   ङ. विदेशस्थित नेपाली श्रमिकहरूको जिफन्ट सहयोग समितिबाट १/१ जना।

३ उपधारा (२) मा उल्लेखित संख्याको अतिरिक्त राष्ट्रिय कमिटीले बढीमा २५ जनासम्म मनोनित गर्न सक्नेछ।

४. पदेन तथा मनोनित प्रतिनिधिबाहेक सदस्य यूनियन र प्रदेशबाट प्रतिनिधिहरूको छनौट गर्दा महासंघलाई शुल्क तिर्ने सदस्य संख्याको अनुपातमा थप प्रतिनिधिहरू निर्वाचित हुने व्यवस्था गरिनेछ।

५. पर्यवेक्षकको संख्या र त्यसको छनौट प्रक्रिया राष्ट्रिय कमिटीले महाधिवेशन हुनुभन्दा ३ महिना अगाडि निर्धारण गरेअनुसार हुनेछ।

**धारा–१६ राष्ट्रिय महाधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।**

१. राष्ट्रिय महाधिवेशनपश्चात राष्ट्रिय कमिटी एवं महाधिवेशन प्रतिनिधि परिषद्द्वारा भएका काम कारबाही सिंहावलोकन गर्ने।

२. महासंघको नीति एवं कार्यदिशा निर्धारण गर्ने।

३. महासंघको लक्ष्य, उद्देश्य र कार्यक्रम तर्जुमा गर्ने।

४. महासंघको विधानमा सामयिक संशोधन, परिमार्जन र परिवर्तन गर्ने।

५. महासंघको लेखापरीक्षक तोक्ने, लेखापरीक्षण प्रतिवेदन पारित गर्ने र निर्देशन दिने।

६. राष्ट्रिय कमिटी पदाधिकारी तथा सदस्यको निर्वाचन गर्ने।

७. यस विधानका अन्य धारामा महाधिवेशनले गर्ने भनेका कार्य गर्ने।

**धारा–१७ संरक्षक घोषणा गर्नसक्ने**

१. महाधिवेशनले जिफन्टको स्थापना, सञ्चालनमा योगदान गरेका नेतामध्ये कुनै नेतालाई संरक्षक घोषणा गर्न सक्नेछ।

२. संरक्षकलाई राष्ट्रिय कमिटीको बैठक, महाधिवेशन प्रतिनिधि परिषद्को बैठक, राष्ट्रिय महाधिवेशन तथा महासंघको महत्वपूर्ण कार्यक्रमहरूमा सहभागी हुने र आवश्यक निर्देशन दिने अधिकार हुनेछ।

३. महासंघभित्र कुनै कारणले कुनै विषयमा समस्या उत्पन्न भएमा त्यसलाई समाधान गर्ने विशेष अधिकार संरक्षकमा हुनेछ।

**धारा–१८ महाधिवेशन प्रतिनिधि परिषद्को गठन**

१. राष्ट्रिय कमिटी, महाधिवेशन प्रतिनिधि परिषद्का प्रमुख र उपप्रमुख, अनुशासन निरीक्षण आयोगका प्रमुख, जिफन्ट ट्रेड यूनियन पोलिसि इन्स्टिच्युटका प्रमुख तथा

कार्यकारी निर्देशक, लेखा आयोगका प्रमुख, बरिष्ठ यूनियनकर्मी संजालका प्रमुख र सचिव, विपद व्यवस्थापन सञ्जालका प्रमुख, श्रमिक सहकारी प्रवर्द्धन बोर्डका प्रमुख परिषद्को पदेन सदस्य हुनेछन् ।

२. उपधारा (१) मा उल्लेख गरिएबाहेक राष्ट्रिय महाधिवेशनमा उपस्थित प्रतिनिधिहरूबाट प्रत्येक तीनजना बराबर एक जनालाई परिषद्को पूर्ण सदस्यको रूपमा, एक जनालाई निज अनुपस्थित भएमा सहभागी हुने गरी पहिलो वैकल्पिक सदस्यको रूपमा र तेस्रो प्रतिनिधिलाई दुवैजना उपस्थित नभएमा सहभागी हुने दोस्रो वैकल्पिक सदस्यको रूपमा निर्वाचित गरिनेछ । यस्तो छनौट कार्य महाधिवेशन समाप्त भएको मितिले तीन महिनाभित्र गरिसक्नु पर्नेछ ।

३. परिषद्को कार्यकाल अर्को महाधिवेशनको लागि प्रतिनिधि निर्वाचित नभएसम्म कायम रहनेछ ।

४. परिषद्को बैठक वर्षमा एकपटक बस्नेछ ।

५. राष्ट्रिय कमिटीको निवर्तमान पदाधिकारीमध्येबाट महाधिवेशनले परिषद्को प्रमुख र उपप्रमुख मनोनयन गर्न सक्नेछ । कुनै कारणले प्रमुख तथा उपप्रमुखको पद रिक्त भएको अवस्थामा वैठकको अध्यक्षता संरक्षकले गर्नेछन् ।

**धारा–१९ महाधिवेशन प्रतिनिधि परिषद्को काम, कर्तव्य र अधिकार**

१. महाधिवेशनबाट पारित नीति तथा कार्यक्रमलाई राष्ट्रिय कमिटीले पालना गरे–नगरेको मूल्यांकन गर्ने ।

२. राष्ट्रिय कमिटीले महाधिवेशनद्वारा पारित नीति, सिद्धान्त, कार्यक्रम वा विधानविपरीत काम गरेमा आवश्यक नियन्त्रण गर्ने, यसका लागि परिषद्ले राष्ट्रिय कमिटीका कुनै पनि सदस्यलाई बर्खास्त गर्न, पदाधिकारी तथा सदस्यको पदीय जिम्मेवारी हेरफेर गर्न वा राष्ट्रिय कमिटी भङ्ग गरी नयाँ राष्ट्रिय कमिटी निर्माण गर्नसमेत सक्नेछ ।

३. यस विधानका अन्य धाराहरूमा परिषद्ले गर्ने भनेका कार्य गर्नेछ ।

**धारा–२० राष्ट्रिय कमिटी**

१. राष्ट्रिय कमिटीको गठन देहायबमोजिम हुनेछ :

१. अध्यक्ष –१

२. उपाध्यक्ष, प्रमुख– विदेश विभाग –१

३. उपाध्यक्ष, प्रमुख– ट्रेड यूनियन शिक्षा विभाग –१

४. उपाध्यक्ष, प्रमुख– केन्द्रीय श्रम सम्बन्ध परिषद् –१

५. उपाध्यक्ष, प्रमुख– प्रचार तथा प्रकाशन विभाग –१

६. उपाध्यक्ष, प्रमुख– समाजिक सुरक्षा विभाग –१

७ उपाध्यक्ष, प्रमुख– व्यवसायजन्य सुरक्षा र स्वास्थ्य विभाग –१

८. उपाध्यक्ष, अध्यक्ष जिफन्ट महिला कमिटी –१ (पदेन उपाध्यक्ष)

९. महासचिव –१

१०. उपमहासचिव –१ जना (खुला क्षेत्र)

११. उपमहासचिव– उपाध्यक्ष, जिफन्ट महिला कमिटी (पदेन उपमहासचिव)

१२. सचिव– व्यवसायजन्य सुरक्षा र स्वास्थ्य विभाग –१

१३. सचिव– केन्द्रीय श्रम सम्बन्ध परिषद् –१

१४. सचिव– विदेश विभाग –१

१५. सचिव– ट्रेड यूनियन शिक्षा विभाग –१

१६. सचिव– प्रचार तथा प्रकाशन विभाग –१

१७. सचिव– सामाजिक सुरक्षा विभाग –१

१८. सचिव– जिफन्ट महिला कमिटी –१ (पदेन सचिव)

१९. प्रदेश कमिटीका अध्यक्षहरू –७ जना (पदेन सदस्य)

२०. सदस्य यूनियनको सदस्य संख्याको आधारमा सदस्य यूनियनका १४ जना अध्यक्षहरू पदेन राष्ट्रिय कमिटी सदस्य र बाँकी यूनियनका अध्यक्षहरू पदेन वैकल्पिक राष्ट्रिय कमिटी सदस्य हुनेछन् ।

२१. महाधिवेशनबाट निर्वाचित –३ जना सदस्य

२२. जिफन्ट महिला राष्ट्रिय कमिटीका सदस्यहरू –१४ जना (पदेन सदस्य)

२३. जिफन्ट युवा कमिटीको अध्यक्ष –१ (पदेन सदस्य)

२. उपधारा (१) बमोजिम पदेन निर्वाचित हुने पदाधिकारी वा सदस्यले कुनै अर्को पदमा उम्मेदवारी दिएमा निज स्वतः साविकको पदबाट मुक्त हुनेछ

३. राष्ट्रिय कमिटी बैठकमा संरक्षक, महाधिवेशन प्रतिनिधि परिषद्को प्रमुख तथा उपप्रमुखलाई आमन्त्रण गरिनेछ । राष्ट्रिय कमिटीका बैठक तथा महासंघको महत्वपूर्ण कार्यक्रमहरूमा अन्य संरचनाको प्रमुखलाई आमन्त्रण गर्न सकिनेछ । तर उनीहरूलाई बैठकमा मतदान गर्ने अधिकार हुनेछैन ।

## धारा–२१ राष्ट्रिय कमिटीको काम, कर्तव्य र अधिकार

राष्ट्रिय कमिटीले देहायको काम, कर्तव्य र अधिकारको प्रयोग गर्नेछ -

१. दुई महाधिवेशन प्रतिनिधि परिषद्को बैठक बीचमा महासंघको नेतृत्व गर्नेछ ।

२. राष्ट्रिय महाधिवेशनले पारित गरेको विधानको अधीनमा रही पारित कार्यक्रमलाई लागू गर्ने ।

३. महाधिवेशन प्रतिनिधि परिषद्को निर्णय कार्यान्वयन गर्ने ।

४. सदस्य यूनियनहरूलाई नेतृत्व प्रदान गर्ने ।

५. महाधिवेशनले पारित गरेको विधानको अधीनमा रही महासंघको लक्ष्य, उद्देश्य र कार्यक्रमअनुरूप कार्ययोजना तय गर्ने तथा कार्यान्वयन गर्ने ।

६. केन्द्रीय निकाय, विभाग, आयोग, विषयगत कमिटी र प्रदेश तथा मातहत कमिटी सञ्चालन गर्ने ।

७. कुनै ट्रेड यूनियन संघलाई सदस्य यूनियनको मान्यता दिने सम्बन्धमा आवश्यक मापदण्ड निर्धारित गर्ने र प्राप्त निवेदनको आधारमा सदस्यता प्रदान गर्ने ।

८. तोकिएका विभाग, विभिन्न अयोग तथा कमिटीहरू गठन गर्ने तथा त्यसको काम, कर्तव्य र अधिकार तोकिदिने ।

९. तोकिएको काम गर्न असक्षम देखिएमा वा अधिवेशन नभई कार्यावधि पूरा भएमा कुनै पनि मातहत कमिटी तथा सदस्य यूनियनको केन्द्रीय कमिटी पुनर्गठन गर्ने वा निलम्बन गर्ने वा अन्य उपयुक्त संरचना बनाई क्रियाशील तुल्याउने।

१०. यस विधानमा राष्ट्रिय कमिटीले गर्ने भनी उल्लेख गरेका अन्य कार्य गर्ने।

११. महासंघको केन्द्रीय निकायको बैठकको संयोजन गर्नेगरी पदाधिकारी तथा सदस्यलाई जिम्मेवारी प्रदान गर्ने।

१२. राष्ट्रिय महाधिवेशनबाट गठन हुनुपर्ने तर कुनै कारणले महाधिवेशनबाट सम्पन्न नभएको वा महाधिवेशनपश्चात् पदरिक्त भएको अवस्थामा महाधिवेशनबाट गरिनुपर्ने मनोनयन आदि कार्य महाधिवेशन प्रतिनिधि परिषद्बाट अनुमोदन हुने गरी राष्ट्रिय कमिटीबाट हुनेछ।

१३. यस विधानमा महासंघले गर्ने भनिएको काम, कर्तव्य, अधिकारको प्रयोग अन्यथा व्यवस्था भएकोमा बाहेक राष्ट्रिय कमिटी स्वयंले वा राष्ट्रिय कमिटीले तोकिदिए बमोजिम प्रयोग हुनेछ।

## धारा–२२ पदाधिकारी कमिटी

१. महासंघको कार्यसम्पादनको लागि अध्यक्ष, उपाध्यक्षहरू तथा महासचिवसमेत संलग्न रहेको पदाधिकारी कमिटी रहनेछ।

२. पदाधिकारी कमिटीका सदस्यहरू राष्ट्रिय कमिटीप्रति उत्तरदायी हुनेछन्।

३. कमिटीको बैठक सामान्यतया प्रत्येक महिना र सोभन्दा छिटोसमेत बस्नेछ।

४. पदाधिकारी कमिटीले राष्ट्रिय महाधिवेशन तथा राष्ट्रिय कमिटीले निर्धारण गरेको कार्ययोजना कार्यान्वयनको लागि आवश्यक नीतिगत निर्णय गर्नेछ र कार्यान्वयनको लागि सम्बन्धित कमिटीलाई निर्देशन दिन सक्नेछ।

५. कमिटीले आफ्नो कार्यविधि आफैं निर्धारण गर्नेछ।

## धारा–२३ सचिवालय

१. महासंघको दैनिक कार्य सञ्चालन गर्नका लागि महासचिवको अध्यक्षतामा उपमहासचिवहरू, सचिवहरू रहेको सचिवालय हुनेछ।

२. महाधिवेशनबाट पारित अभियान संचालनको संयोजक भई काम गर्ने जिम्मेवारी प्राप्त गर्ने राष्ट्रिय कमिटीका सदस्य तथा आर्थिक प्रबन्धकलाई सचिवालयको बैठकमा आमन्त्रण गरिनेछ ।

३. सचिवालयका सदस्यहरू राष्ट्रिय कमिटीप्रति उत्तरदायी हुनेछन् ।

४. सचिवालयको बैठक सामान्यतया प्रत्येक महिनामा र आवश्यकताअनुसार सोभन्दा छिटो पनि बस्न सक्नेछ ।

५. सचिवालयको बैठकमा आवश्यकताअनुसार अध्यक्ष तथा अन्य पदाधिकारीहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

६. महाधिवेशन, प्रतिनिधि परिषद्, राष्ट्रिय कमिटी, पदाधिकारी कमिटी, सचिवालय, तथा अन्य निकायको निर्णय कार्यान्वयन गर्ने/गराउने, अन्य कुनै पदाधिकारी तथा सदस्यको जिम्मेवारी तोकिएकोमा बाहेक महासंघबाट गरिनुपर्ने अन्य काम गर्ने तथा यसको लागि मातहतको कमिटीलाई परिचालन गर्नु सचिवालयको कर्तव्य हुनेछ ।

**धारा–२४ केन्द्रीय श्रम सम्बन्ध परिषद्**

१. महासंघ मातहतमा केन्द्रीय श्रम सम्बन्ध परिषद् रहनेछ । परिषद्को प्रमुख एकजना उपाध्यक्ष हुनेछन् र श्रम सम्बन्ध परिषद् सचिव नै यस परिषद्को सचिव हुनेछन् ।

२. परिषद् सदस्यको मनोनयन प्रदेश कमिटीका सचिव र सदस्य यूनियनका महासचिव वा श्रम सम्बन्ध हेर्ने जिम्मेवारी प्राप्त व्यक्तिमध्येबाट राष्ट्रिय कमिटीले गर्नेछ । तर राष्ट्रिय कमिटीले सो बाहेक तीनजना सदस्यको मनोनयन गर्न सक्नेछ ।

३. परिषद्ले महासंघ तथा सदस्य यूनियनमा आएको व्यक्तिगत तथा सामूहिक श्रम विवादलाई समाधान गर्ने, रोजगारदाता संगठन तथा नेपाल सरकारसँग न्युनतम पारिश्रमिक निर्धारण तथा अन्य विषयमा सम्वाद गरी निचोडमा पुग्ने र कानुनबमोजिम श्रम अडिट गराई वार्षिक प्रतिवेदन सार्वजनिक गर्ने कार्य गर्नेछ ।

४. परिषद्को बैठक सामान्यतया प्रत्येक ३/३ महिनामा र त्यसभन्दा अगाडि आवश्यकताअनुसार हुनेछ र बैठकको अध्यक्षता परिषद्को प्रमुखले गर्नेछन् ।

५. परिषद्ले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

## धारा–२५ जिफन्ट महिला कमिटी

१. राष्ट्रिय महाधिवेशनबाट अध्यक्ष, उपाध्यक्ष, सचिव तथा सदस्यसहित १७ सदस्यीय जिफन्ट महिला कमिटीको गठन गरिनेछ।

२. उपधारा (१) बमोजिम महिला कमिटी गठन गर्दा सदस्य युनियहरूबाट कम्तिमा ८ जना र प्रत्येक प्रदेशबाट एक/एक जना निर्वाचन गरिनेछ।

३. महिला कमिटीको अध्यक्ष, उपाध्यक्ष र सचिव जिफन्ट राष्ट्रिय कमिटीको क्रमशः पदेन उपाध्यक्ष, उपमहासचिव र सचिव हुनेछन्।

४. महिला कमिटीले प्रत्येक महाधिवेशन हुनुभन्दा अगाडि नीतिगत विषयमा छलफल गरी कार्ययोजना बनाउन राष्ट्रिय श्रमिक महिला सम्मेलनको आयोजना गर्नेछ र सम्मेलनमा प्रत्येक प्रदेश तथा यूनियनबाट प्रतिनिधित्व हुने व्यवस्था मिलाइनेछ। प्रतिनिधित्वको आधार राष्ट्रिय कमिटीले निर्धारण गरेबमोजिम हुनेछ।

५. महिला कमिटीले प्रदेश तथा सदस्य यूनियनमा आबद्ध महिलाहरूको नेतृत्व विकास गर्न/गराउन सम्बन्धित कमिटीलाई परिचालन गर्ने, राष्ट्रिय कमिटीमार्फत तालिम तथा प्रशिक्षणको कार्यक्रम संचालन गर्नेछ।

६. महिला कमिटीको सञ्चालन सम्मेलनबाट पारित नियमावलीबमोजिम हुनेछ। नियमावली राष्ट्रिय कमिटीद्वारा स्वीकृत भएपछि मात्र लागू हुनेछ।

## धारा–२६ जिफन्ट युवा कमिटी

१. महासंघले महाधिवेशन हुनुभन्दा अगाडि राष्ट्रिय युवा सम्मेलन आयोजना गर्नेछ। युवा सम्मेलनमा सदस्य यूनियन तथा प्रदेश तहको युवा कमिटीमा पदाधिकारी तथा सदस्यहरू, जिल्ला समन्वय कमिटी तथा पालिका कमिटीमा रहेका युवामध्येबाट कम्तिमा एक/एकजना र सोभन्दा बढी संख्या युवा कमिटीले तोकेको बमोजिम प्रतिनिधि सहभागी हुनेछन्।

२. युवा सम्मेलनबाट एक अध्यक्ष, एक उपाध्यक्ष, एक सचिव, एक सहसचिवसहित १७ जना सदस्य रहेको जिफन्ट केन्द्रीय युवा कमिटी निर्वाचन गरिनेछ।

३. केन्द्रीय युवा कमिटीको अध्यक्ष निर्वाचित व्यक्ति जिफन्टको राष्ट्रिय कमिटीको सदस्य हुनेछन्। सदस्य यूनियन वा प्रदेश वा पालिका तहका युवा कमिटीको अध्यक्ष

जिफन्टको सदस्य यूनियन वा प्रदेश वा पालिका कमिटीको बैठकमा आमन्त्रित सदस्य हुनेछन् ।

४. युवा कमिटीको बैठक प्रत्येक छ महिनामा हुनेछ । र, आवश्यकताअनुसार सोभन्दा छिटो पनि बैठक बोलाउन सकिनेछ ।

५. युवा कमिटीले पालिका, प्रदेश तथा सदस्य यूनियनमा आबद्ध युवाहरूको नेतृत्व विकास गर्न/गराउन सम्बन्धित कमिटीलाई परिचालन गर्ने, राष्ट्रिय कमिटीमार्फत् तालिम तथा प्रशिक्षणको कार्यक्रम सञ्चालन गर्नेछ ।

६. युवा कमिटीले सदस्य यूनियन वा प्रदेश वा पालिका कमिटीमार्फत आफ्नो संरचना विस्तार गरी युवा श्रमिकहरूलाई क्रियाशील बनाउने कार्य गर्नेछ ।

७. जिफन्ट वा आबद्ध यूनियनमा संलग्न भएको ३५ वर्ष उमेर ननाघेका व्यक्तिहरू जिफन्ट युवा कमिटीमा आबद्ध हुनेछ । र, युवा कमिटीका पदाधिकारीहरू ३५ वर्ष पूरा भएपछि स्वतः पदमुक्त हुनेछन् ।

**धारा–२७ विभागहरू**

१. महासंघको राष्ट्रिय कमिटीले निम्नबमोजिम विभाग गठन गर्नेछ –

    क. विदेश विभाग
    ख. ट्रेड यूनियन शिक्षा विभाग
    ग. प्रचार तथा प्रकाशन विभाग
    घ. व्यवसायजन्य सुरक्षा र स्वास्थ्य विभाग
    ङ. सामाजिक सुरक्षा विभाग

२. विभागहरूको काम कर्तव्य र अधिकार निम्नअनुसार हुनेछ। राष्ट्रिय कमिटीले विभागले गर्ने काम थप गर्न सक्नेछ ।

    क. विदेश विभाग :

        १. अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार, विकास र ऐक्यबद्धता आदान–प्रदान गर्ने ।
        २. जिफन्ट सहयोग समूह सञ्चालन गर्ने, प्रवासी श्रमिकलाई आवश्यक परामर्श दिने तथा सहयोग गर्ने ।

३. विदेशमा कार्यरत नेपालीहरू बीचको कामलाई व्यवस्थित गर्न विशेष प्रतिनिधि नियुक्त गर्न राष्ट्रिय कमिटीमा सिफारिश गर्ने र यसरी नियुक्त विशेष प्रतिनिधिमार्फत् प्रवासको कार्य संचालन गर्ने ।

ख. ट्रेड यूनियन शिक्षा विभाग :

१. पाठ्यक्रम र शैक्षिक सामग्री निर्माण गर्ने ।
२. ट्रेड यूनियन स्कुलको सञ्चालन गर्ने, प्रशिक्षक र प्रशिक्षार्थीहरूको व्यवस्थापन गर्ने ।
३. प्रशिक्षण सञ्चालन गर्ने ।

ग. प्रचार तथा प्रकाशन विभाग :

१. जिफन्टको सबै प्रचार र प्रकाशनको कामको समन्वय गर्ने,
२. जिफन्टका सबै प्रकाशनहरू तथा पाठ्यसामाग्रीहरू डिजिटल माध्यमबाट आमश्रमिकको पहुँचमा पुर्‍याउने, मिडिया सेन्टर सञ्चालन र वेबसाइटबेस टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने ।
३. समसामयिक विषयमा महासंघको धारणा सार्वजनिक गर्न आवश्यक व्यवस्था गर्ने/गराउने ।
४. महासंघ संलग्न हुने अतिरिक्त क्रियाकलापको कामको समन्वय गर्ने ।

घ. व्यवसायजन्य सुरक्षा र स्वास्थ्य विभाग :

१. व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धमा श्रमिकहरूको चेतना अभिबृद्धि गराउने ।
२. श्रम कानुनबमोजिम व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति निर्माण गर्ने/गराउने र प्रतिष्ठानस्तरमा रहेको व्यवसायजन्य सुरक्षा र स्वास्थ्य कमिटीलाई परिचालन गर्ने ।
३. व्यवसायजन्य रोग, दुर्घटनाको तथ्याङ्क संकलन गर्ने, नीतिगत हस्तक्षेप गर्ने ।
४. श्रमिकहरूको अवस्थामा सुधार गर्न क्रियाशील रहने ।

ङ. समाजिक सुरक्षा विभाग :

१. आम श्रमिकलाई सामाजिक सुरक्षा योजनामा सहभागी बनाउन नीतिगत रुपमा तथा कार्यान्वयन तहमा गर्नुपर्ने अभियानको संचालन गर्ने ।

२. सामाजिक सुरक्षा प्रणालीको कार्यान्वयन गर्न/गराउन आवश्यक चेतना अभिबृद्धि गर्ने/गराउने ।

३. सामाजिक सुरक्षाको क्षेत्रमा नीतिगत रुपमा गर्नुपर्ने सुधारको नेतृत्व गर्ने ।

४. प्रदेश तथा स्थानीय तहसँग समेत समन्वय गरी अनौपचारिक तथा स्वरोजगार क्षेत्रका श्रमिकलाई समाजिक सुरक्षामा सहभागी गर्ने/गराउने ।

३. उपधारा १ मा उल्लेख गरिएबाहेक विभागको काम र क्षेत्राधिकार राष्ट्रिय कमिटीबाट तोकिएबमोजिम हुनेछ ।

४. विभागका सचिवहरूले सम्बन्धित विषय हेर्ने उपाध्यक्षको संयोजनमा रही काम गर्नुपर्नेछ ।

५. विभाग राष्ट्रिय कमिटीप्रति उत्तरदायी हुनेछ ।

६. विभागहरूको बैठक आवश्यकताअनुसार बस्नेछ ।

७. प्रत्येक विभागमा प्रमुख र सचिवको अतिरिक्त बढीमा ७ जना सदस्य रहनेछन् ।

## धारा–२८ विषयगत कमिटी तथा आयोगसम्बन्धी व्यवस्था

१. महासंघको राष्ट्रिय कमिटीले जिफन्ट प्रवासी कमिटी र आर्थिक कमिटीको अतिरिक्त आवश्यकताअनुसार विषयगत कमिटी बनाउन वा तोकिएको विषयमा महासंघको तर्फबाट काम गर्ने गरी प्रमुख व्यक्ति तोक्न सक्नेछ ।

२. महासंघको दैनिक आर्थिक प्रशासन सञ्चालन गर्ने र आर्थिक हरहिसाब दुरुस्त राख्ने, परियोजनाको व्यवस्थापन गर्ने र महासंघको आर्थिक योजना तर्जुमा गर्ने जिम्म्वारी अध्यक्ष, महासचिव र आर्थिक प्रबन्धक रहेको कमिटीलाई हुनेछ ।

३. राष्ट्रिय कमिटीले विदेश विभाग माताहत संचालन हुने गरी जिफन्ट प्रवासी कमिटी गठन गर्नेछ । यसमा अध्यक्ष, सचिवसहित विभिन्न मुलुकको प्रतिनिधित्व हुने व्यवस्था गरिनेछ । यसले विभिन्न मुलुकमा रहेको प्रवासी नेपालीहरूको बीचमा

संयोजन गर्नेछ। र, महासंघबाट प्रवासी श्रमिकलाई आवश्यक सहयोग गर्ने कार्य गर्नेछ।

४. अन्य कमिटी बनाइएको अवस्थामा सो कमिटीलाई तोकिएको विषयको सबै पक्षको बारेमा अध्ययन गरी महासंघको तर्फबाट आधिकारिक धारणा बनाउन, सो विषयमा विभिन्न कार्यक्रममा प्रतिनिधित्व गर्ने/गराउने काम त्यस्तो कमिटी वा व्यक्तिको हुनेछ।

५. राष्ट्रिय कमिटीले आवश्यक ठानेमा विभिन्न आयोगहरू गठन गर्न सक्नेछ। आयोगको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ। आयोगले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ।

६. कुनै कमिटी विभागको मातहत भएमा सोही विभागको प्रमुखले तथा अन्य कमिटीको हकमा महासचिवले पदाधिकारी बैठकमा कमिटीको तर्फबाट जानकारी गराउने, कुनै विषयमा निर्णयार्थ पेश गर्नुपर्ने विषयहरू पेश गर्नुपर्नेछ।

**धारा – २९. प्रदेश अधिवेशन र प्रदेश कमिटी**

१. प्रत्येक चार–चार वर्षमा प्रदेश अधिवेशन हुनेछ।

२. प्रदेश अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुनेछन् –

   क. प्रदेश कमिटीका पदाधिकारी तथा सदस्यहरू

   ख. सदस्य यूनियनको केन्द्रीय कमिटीमा भई सम्बन्धित प्रदेशमा कार्यक्षेत्र भएका व्यक्तिहरू तथा सदस्य यूनियनको प्रदेश कमिटीको अध्यक्षहरू,

   ग. प्रदेश कमिटीले तोकेको अनुपातमा निर्वाचित प्रतिनिधिहरू

३. अधिवेशनमा कुल प्रतिनिधि संख्याको एक तिहाई महिलाको प्रतिनिधित्वको व्यवस्था मिलाउनु पर्नेछ।

४. प्रदेश अधिवेशनबाट प्रदेश कमिटीको गठन हुनेछ।

५. प्रदेश कमिटीमा अध्यक्ष–१, उपाध्यक्ष–१, सचिव–१, सहसचिव–२ (खुला र प्रदेश महिला कमिटीको अध्यक्ष पदेन सहसचिव हुने) र सदस्य गरी २१ जनासम्म रहनेछन्। जसमा एक तिहाई महिला रहनेछन्।

तर शुल्क तिर्ने सदस्य संख्याको आधारमा राष्ट्रिय कमिटीको अनुमति लिई प्रदेश कमिटी बढीमा २९ जनासम्मको बनाउन बाधा पर्नेछैन।

६. उपधारा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश कमिटीले जिल्ला समन्वय कमिटी गठन गर्दा प्रदेश कमिटीको सदस्य बाहिरबाट जिल्ला समन्वय कमिटी अध्यक्ष तोकिएको रहेछ भने जिल्ला समन्वय कमिटी अध्यक्ष तोकिएको व्यक्ति पदेन प्रदेश कमिटी सदस्य हुनेछन्।

७. प्रदेश कमिटीले प्रदेशभित्रका जिल्ला समन्वय कमिटी, पालिका कमिटी तथा अन्य कमिटी तथा त्यहाँका यूनियनहरूको कामको संयोजन गर्नेछ।

८. प्रदेश कमिटीले महासंघबाट पारित नीति तथा कार्यक्रमअनुरुप प्रदेश सरकार, प्रदेश संसद, जिल्ला समन्वय समिति तथा पालिकाको कार्यपालिका तथा व्यवस्थापिकासँग समन्वय गरी श्रमिकको हक तथा हितको लागि आवश्यक कार्य गर्न सक्नेछ।

९. प्रदेश कमिटीले आवश्यकताअनुसार श्रम सम्बन्ध परिषद्, विभागहरू, तथा अन्य कमिटी गठन गर्नेछ।

**धारा–३० जिल्ला समन्वय कमिटी**

१. जिल्लाभित्र क्रियाशील रहेको जिफन्टको पालिका कमिटीका अध्यक्षहरू रहेको जिल्ला समन्वय कमिटी गठन गरिनेछ।

२. जिल्ला समन्वय कमिटीले जिल्लाभित्र रहेको पालिका कमिटी, सदस्य यूनियनको कामको समन्वय गर्नेछ।

३. जिफन्टको सम्बन्धित प्रदेश कमिटीले जिल्ला समन्वय कमिटीको अध्यक्ष र सचिव भई काम गर्नेगरी प्रदेश कमिटी सदस्य वा अन्य उपयुक्त व्यक्तिलाई जिम्मेवारी प्रदान गर्न सक्नेछ।

४. जिल्ला समन्वय कमिटीले सम्बन्धित प्रदेश कमिटीले प्रत्यायोजन गरेबमोजिम सदस्यता प्रदान गर्ने, पालिका कमिटीहरूलाई परिचालन गर्ने तथा अन्य अभियान सञ्चालन गर्ने कार्य गर्नेछन्।

## धारा–३१ पालिका अधिवेशन र पालिका कमिटी

१. दुई वा सोभन्दा बढी यूनियनबाट जिफन्टको शुल्क तिर्ने पचास जना सदस्य भएको कुनै पनि स्थानमा पालिका अधिवेशन गरी पालिका कमिटी गठन गर्न सकिनेछ।

२. पालिका कमिटी गठन हुने कुनै पनि स्थानमा अधिवेशन सम्पन्न गर्नका लागि प्रदेश कमिटीले अधिवेशन आयोजना गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ।

३. पालिका अधिवेशन प्रत्येक दुई वर्षमा हुनेछ। पालिका अधिवेशनमा पालिका कमिटीका सबै सदस्यहरू, स्थानीय तहमा महासंघको एक सयसम्म सदस्य भएमा सबै सदस्यलाई र सोभन्दा बढी सदस्य भएमा एकसय जनासम्म उपस्थित हुन सक्नेगरी प्रतिनिधित्व हुने व्यवस्था गरी अधिवेशन सम्पन्न गर्नु पर्नेछ।

४. अधिवेशनबाट अध्यक्ष–१, उपाध्यक्ष–१, सचिव–१ सहसचिव–१ र सदस्य संख्याको आधारमा महासंघको कुल सदस्य संख्या एकसयसम्म भए तीन जनासम्म गरी नौजनाको र सोभन्दा बढी भए सात जनासम्म सदस्य गरी एघार जनाको कमिटी हुन सक्नेछ। तर महानगर वा उपमहानगर क्षेत्रमा पदाधिकारी तथा सदस्यसहित २१ जनासम्मको पालिका कमिटी बनाउन सक्नेछन्।

५. गाउँ वा नगर कमिटीले आफ्नो भौगोलिक क्षेत्रको प्रतिष्ठानस्तरका कमिटी वा अनौपचारिक वा स्वरोजगार क्षेत्रका स्थानीय तहका क्रियाशील सदस्य यूनियनका एकाईहरूको कामको संयोजन गर्नेछन्।

## धारा–३२ बैठकसम्बन्धी व्यवस्था

१. सामान्यतया महाधिवेशन प्रतिनिधि परिषद् वर्षमा एकपटक बस्नेछ। राष्ट्रिय कमिटीको बैठक प्रत्येक ६/६ महिनामा, प्रदेश वा जिल्ला समन्वय कमिटी वा विभाग वा अन्य कमिटीको प्रत्येक ३/३ महिनामा बस्नेछ।

२. बहाल रहेका सदस्य संख्याको ५१ प्रतिशतलाई गणपूरक संख्या मानिनेछ। बैठकमा उपस्थित कमिटीका पदाधिकारी तथा सदस्यले बैठकमा बोल्न तथा मतदान गर्न पाउनेछन् तर आमन्त्रित सदस्यलाई मताधिकार हुनेछैन। वैकल्पिक सदस्यले क्रमशः पुर्ण सदस्य अनुपस्थित भएमा मात्र सहभागी हुन र मतदान गर्न पाउनेछन्।

३. बैठकमा मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिको मत निर्णायक मानिनेछ।

४. दुई पटकसम्म लगातार बैठक बोलाउँदा समेत बहुमत सदस्य उपस्थित नभएमा त्यसपछि बस्ने बैठकमा जतिसुकै उपस्थित भए पनि त्यसरी उपस्थित सदस्यमध्येको बहुमतको निर्णय नै सम्बन्धित कमिटीको निर्णय मानिनेछ।

भाग–७

# पदाधिकारीको काम, कर्तव्य र अधिकार

**धारा–३३ अध्यक्ष**

राष्ट्रिय कमिटीको अध्यक्ष महासंघको प्रमुख पदाधिकारी एवं नेतृत्वकर्ता हुनेछ। अध्यक्षको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ।

१. राष्ट्रिय कमिटीको बैठकको अध्यक्षता गर्ने।

२. महासचिवलाई पदाधिकारी कमिटी, प्रतिनिधि परिषद् तथा अन्य संरचनाको बैठक बोलाउन निर्देशन दिने तथा त्यसको आवश्यक व्यवस्थापन गर्ने जिम्मेवारी दिने।

३. राष्ट्रिय कमिटीका पदाधिकारी तथा सदस्यहरूको कामको रेखदेख तथा निरीक्षण गर्ने।

४. बैठकमा आवश्यक पर्दा निर्णायक मत दिने।

५. महासंघको लक्ष्य, उद्देश्य र कार्यक्रमअनुरूप कमिटीले पारित गरेको निर्णय र निर्देशनको आधारमा महासंघको हितलाई ध्यानमा राखी समग्र नेतृत्व दिने।

६. प्रदेशको कामको संयोजन गरी पदाधिकारी कमिटीमा जानकारी गराउने प्रमुख जिम्मेवारी अध्यक्षको हुने।

७. मातहत कमिटीको हकमा अध्यक्षले सम्बन्धित कमिटीको बैठकको अध्यक्षता गर्ने र कमिटीलाई नेतृत्व प्रदान गर्नेछन्।

**धारा–३४ उपाध्यक्ष**

१. अध्यक्षको अनुपस्थितिमा उपधारा (२) मा उल्लिखित क्रममा उल्लेख भएबमोजिमको उपाध्यक्षले अध्यक्षको जिम्मेवारी सम्हाल्नेछन्।

२. उपाध्यक्षहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क. **विदेश विभाग प्रमुख :** जिफन्टको अन्तर्राष्ट्रिय सम्बन्धको सञ्चालन, विदेश विभागको नेतृत्व गर्ने र वैदेशिक कार्यक्रमहरूको समन्वय र व्यवस्थापन गर्ने। विदेश विभागको सदस्यहरूको कार्यविभाजन गरी सदस्यहरूलाई काममा संलग्न गराउने।

ख. **ट्रेड यूनियन शिक्षा विभाग प्रमुख :** जिफन्ट ट्रेड यूनियन स्कुलको सञ्चालनसम्बन्धी नीतिगत नेतृत्व गर्ने, ट्रेड यूनियन स्कुल विभागको कामको समन्वय गर्ने।

ग. **केन्द्रीय श्रम सम्बन्ध परिषद् प्रमुख :** श्रम सम्बन्ध परिषद्को कामको नेतृत्व गर्ने, महासंघ र सदस्य यूनियनको तर्फबाट सामूहिक सादौबाजीको नेतृत्व गर्ने, सरकारसँग र रोजगारदातासँगको सामाजिक सम्वादको आवश्यक कार्य गर्ने।

घ. **प्रचार तथा प्रकाशन विभाग प्रमुख :** जिफन्टको सबै प्रचार र प्रकाशनको कामको समन्वय गर्ने, मिडिया सेन्टर सञ्चालन गर्ने, इन्टरनेट तथा वेबसाइटबेस टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने।

ङ. **समाजिक सुरक्षा विभाग प्रमुख :** आम श्रमिकलाई सामाजिक सुरक्षा योजनामा सहभागी बनाउन नीतिगत रुपमा तथा कार्यान्वयन तहमा गर्नुपर्ने अभियानको संचालन गर्ने। सामाजिक सुरक्षाको पक्षमा अभियान संचालन गर्ने, यसको विरुद्धमा उठेका भ्रम चिर्न आवश्यक कार्य गर्ने/गराउने। र, नीतिगतरुपमा गर्नुपर्ने सुधारको नेतृत्व गर्ने र प्रदेश तथा स्थानीय तहसँग समेत समन्वय गरी अनौपचारिक तथा स्वरोजगार क्षेत्रका श्रमिकलाई समाजिक सुरक्षामा सहभागी गर्ने/गराउने।

च. **व्यवसायजन्य सुरक्षा र स्वास्थ्य विभाग प्रमुख :** व्यवसायजन्य सुरक्षा र स्वास्थ्य सम्बन्धमा श्रमिकहरूको चेतना अभिबृद्धि गराउने, श्रम कानुनबमोजिम व्यवसायजन्य सुरक्षा र स्वास्थ्य नीति निर्माण गर्ने/गराउने र प्रतिष्ठानस्तरमा रहेको व्यवसायजन्य सुरक्षा र स्वास्थ्य कमिटीलाई परिचालन गर्ने र व्यवसायजन्य रोग, दुर्घटनाको तथ्याङ्कक सङ्कलन गर्ने, नीतिगत विषयको नेतृत्व गर्ने।

छ. **जिफन्ट महिला कमिटी अध्यक्ष :** जिफन्ट महिला कमिटीको नेतृत्व गर्ने, जेण्डर समानताको लागि जिफन्टको तर्फबाट आवश्यक कामको समन्वय

गर्ने। प्रदेश तथा सदस्य यूनियनहरूमा महिला कमिटीको गठन गर्न समन्वय गर्ने।

३. मातहत कमिटीको हकमा उपाध्यक्षले आर्थिक विभागको प्रमुख समेत भई काम गर्ने र अध्यक्ष नभएको अवस्थामा अध्यक्षले गर्दै आएको कार्य गर्नेछन्।

## धारा–३५ महासचिव

१. अध्यक्षको परामर्श लिई बैठकको लागि प्रतिवेदन र कार्यक्रम तयार गर्ने बैठक बोलाउनेछ।

२. कमिटीको दैनिक कार्य सञ्चालन गर्ने र सचिवालयको प्रमुखको हैसियतले सचिवालयको बैठक बोलाउने।

३. समान्यतया पदाधिकारी कमिटीको बैठक समाप्त हुनासाथ सचिवालयको बैठक बोलाई सो बैठकको निर्णयअनुरुप महासंघको अन्य नियमित कार्य सम्पादनको कार्ययोजना बनाई लागू गर्ने।

४. अध्यक्षसँग समन्वय गरी राष्ट्रिय कमिटी वा पदाधिकारी कमिटी वा सचिवालयको बैठकका निर्णय परिपत्र गर्ने, महासंघको तर्फबाट सार्वजनिकरूपमा प्रसारित हुने वक्तव्य, टिप्पणी र स्पष्टीकरण जारी गर्ने ।

५. सदस्य यूनियनको कामको संयोजन गरी पदाधिकारी कमिटीमा जानकारी गराउने प्रमुख दायित्व महासचिवको हुनेछ।

६. मातहत कमिटीको हकमा सचिवले उल्लिखित कार्य गर्नेछन्।

## धारा–३६ उपमहासचिवहरू

१. महासचिवको अनुपस्थितिमा महासचिवले गर्ने कार्य गर्ने र अन्य कुरामा महासंघले तोकेबमोजिम काम गर्नेछन्।

२. महिला उपमहासचिवले महिला कमिटीको उपाध्यक्ष भई काम गर्ने र यी बाहेक महासंघले तोकेको अन्य काम गर्नेछन्।

३. मातहत कमिटीको सहसचिवले सचिवको अनुपस्थितिमा गर्ने कार्य गर्नेछन्। र, महिला सहसचिवले महिला कमिटीको अध्यक्षको हैसियतमा कार्य गर्नेछन्।

**धारा–३७ सचिवहरू**

विभागीय सचिवहरूले सम्बन्धित विभाग हेर्ने उपाध्यक्षको संयोजनमा रही दैनिक कार्य सञ्चालन गर्नेछन् । श्रम सम्बन्ध परिषद् सचिवले श्रम सम्बन्ध परिषद्को सचिव भई दैनिक कार्य सञ्चालन गर्नुपर्नेछ र महिला सचिवले महिला कमिटीको तर्फबाट गर्ने दैनिक कार्य सञ्चालन गर्नेछन् ।

**धारा–३८ सदस्यहरू**

१. कमिटीका निर्णयहरू सम्बन्धित प्रदेश वा आफूलाई निर्वाचित गर्ने यूनियन वा जिम्मेवारी रहेको क्षेत्र वा पदेन प्रतिनिधि भएको क्षेत्रमा लागू गराउन क्रियाशील रहनुपर्नेछ ।

२. आफू निर्वाचित भएको क्षेत्रको तथा समग्र कार्यको संगठकको भूमिका निर्वाह गर्नेछ ।

३. महाधिवेशनद्वारा पारित नीति, नियम लागू गर्न क्रियाशील हुनेछ ।

**धारा–३९ मुख्य सचिव**

१. दैनिक कार्यालय सञ्चालनमा सहयोग गर्न राष्ट्रिय कमिटीले मुख्य सचिवको नियुक्ति गर्न सक्नेछ ।

२. मुख्य सचिवले महासंघको सचिवालयको काममा सहयोग गर्ने र दैनिक कार्यलय संचालन गर्नेछन् ।

३. सोबाहेक महासचिवको निर्देशन मुताविक निजको काममा सहयोग गर्नेछन् ।

भाग–८

# केन्द्रीय निकायहरू

**धारा–४० बरिष्ट यूनियनकर्मी सञ्जाल**

१. महाधिवेशनले प्रमुख, सचिव र सदस्यहरू रहेको बरिष्ट यूनियनकर्मी सञ्जाल गठन गर्नेछ ।

२. कमिटीको बैठक आवश्यकता अनुसार बस्नेछ ।

३. कमिटीले बरिष्ट यूनियनकर्मीहरूको पहिचान गर्ने र सम्मान गर्ने कार्य गर्ने/गराउनेछ ।

## धारा –४१ जिफन्ट अनुशासन निरीक्षण आयोग

१. महाधिवेशनले जिफन्ट अनुशासन निरीक्षण आयोग बनाउन सक्नेछ र यसमा प्रमुख र अन्य दुईजना सदस्य रहन सक्नेछन् ।

२. आयोगले महासंघका कुनै पनि पदाधिकारी, सचिवालय सदस्य वा राष्ट्रिय कमिटी सदस्यले महासंघको नीतिविपरीत काम गरेमा वा आर्थिक अनियमितता वा हिनामिनाको काम गरेमा वा महासंघलाई हानी पुग्ने कुनै काम गरेमा वा निस्क्रिय रही पदीय जिम्मेवारी पालना नगरेमा संरक्षकसँग समन्वय गरी त्यस्तो व्यक्तिलाई तत्काल निलम्बन गर्न र अर्को पदाधिकारीलाई अन्तरिम जिम्मेवारी तोक्न राष्ट्रिय कमिटीलाई निर्देशन दिन सक्नेछ ।

३. उपधारा (२) बमोजिम निर्देशन दिएको तीन महिनाभित्र राष्ट्रिय कमिटीले महाधिवेशन प्रतिनिधि परिषद्को बैठक बोलाउनु पर्नेछ । यस्तो बैठकले आयोगले गरेको निर्णय कायम राख्ने वा नराख्ने वा अन्य उपयुक्त निर्णय गर्न सक्नेछ ।

## धारा–४२. जिफन्ट ट्रेड यूनियन पोलिसी इन्स्टिच्युट

१. नीति विश्लेषणको लागि जिफन्ट ट्रेड यूनियन पोलिसी इन्स्टिच्युट स्थापना गरिनेछ ।

२. इन्स्टिच्युटमा प्रमुख र आवश्यकताअनुसार विज्ञ सदस्यहरू हुनेछन् । र, यसको मनोनयन राष्ट्रिय महाधिवेशनले गर्नेछ । इन्स्टिच्युटले आवश्यकताअनुसार कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ ।

३. इन्स्टिच्युटले श्रम र राजनीतिका विभिन्न क्षेत्रमा कार्यरत विज्ञहरूलाई संलग्न गरी समसामयिक नीतिगत विषयमा सामग्रीहरू तयार गरी राष्ट्रिय कमिटीलाई आवश्यक फिडब्याक दिनेछ ।

## धारा –४३ जिफन्ट संसदीय तथा स्थानीय तह संयोजन परिषद्

१. महासंघको जिम्मेवारीमा रही संघीय संसदका सदस्यहरू, प्रदेशसभाका सदस्यहरू तथा स्थानीय तहमा निर्वाचित भएका जनप्रतिनिधिहरू मध्येबाट महाधिवेशनले तोकेको प्रतिनिधिहरू रहेको संसदीय तथा स्थानीय तह संयोजन परिषद् गठन हुनेछ ।

२. परिषद्मा प्रमुख र आवश्यकताअनुसार सदस्यहरू रहनेछन् ।

३. परिषद्ले स्थानीय तह, प्रदेश र संघीय संसदमा श्रमिकको हित, रोजगारी सिर्जना र सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक योजना बनाई लागू गर्नेछ ।

**धारा –४४ विपद व्यवस्थापन सञ्जाल**

१. राष्ट्रिय कमिटीले मुलुकभरको लागि र प्रदेश कमिटीले प्रदेश क्षेत्रभित्रको विपद व्यवस्थापनको कामलाई संयोजन गर्नको लागि सम्बन्धित तहको विपद व्यवस्थापन सञ्जाल गठन गर्नेछ ।

२. विपद व्यवस्थापन सञ्जालले प्राकृतिक प्रकोपबाट समस्यामा परेका आमजनता तथा सदस्यहरूको उद्धार, राहत र पुनःस्थापनाको काममा सम्बन्धित निकायसमक्ष समन्वय गर्नेछ ।

३. सञ्जाललाई उद्धार, राहत र पुनः स्थापनाको लागि आवश्यक जनशक्ति परिचालन गर्नेछ ।

४. केन्द्रीय विपद व्यवस्थापन सञ्जालमा प्रमुखसहित बढीमा नौ जना र प्रदेश विपद व्यवस्थापन सञ्जालमा बढीमा पाँच जनासम्म सदस्य हुनेछन् ।

**धारा–४५ लेखा आयोग**

१. जिफन्टको आन्तरिक लेखा परीक्षण गर्नको लागि लेखा आयोग रहनेछ । आयोगमा एकजना प्रमुख र दुईजना सदस्य रहनेछन् ।

२. लेखा आयोगले महासंघको तर्फबाट लेखा परीक्षण गरी महाधिवेशनमा प्रतिवेदन प्रस्तुत गर्नेछन् ।

३. प्रमुख र सदस्यहरूको नियुक्ति महाधिवेशनबाट हुनेछ ।

**धारा –४६ श्रमिक सहकारी प्रवर्द्धन बोर्ड**

१. महाधिवेशनले श्रमिकहरूबाट सञ्चालनमा रहेका सहकारीको कामलाई प्रभावकारी रुपमा संचालन गर्न श्रमिक सहकारी प्रवर्द्धन बोर्ड गठन गर्नेछ ।

२. बोर्डले श्रमिक सहकारीको पहिचान गर्ने, यस्ता श्रमिक सहकारीलाई प्रक्षिक्षण प्रदान गर्ने तथा सहकारीहरू बीचमा पारस्परिक सहयोग तथा अनुभव आदान–प्रदान गर्न

र सहकारीको सिद्धान्तअनुरुप सहकारीको संचालन गर्न/गराउन आवश्यक समन्वय गर्नेछ ।

३. बोर्डमा प्रमुख र सचिवसहित बढीमा एघार जना सदस्य हुनेछन् ।

### धारा–४७ केन्द्रीय निकायको गठन र संचालनसम्बन्धी व्यवस्था

१. यस परिच्छेदमा उल्लेख भएको सबै निकायको प्रमुख तथा सदस्यको मनोनयन महाधिवेशनबाट हुनेछ । तर कुनै कारणले महाधिवेशनबाट नभएको अवस्थामा वा पद रिक्त भएको अवस्थामा राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद्बाट अनुमोदन गर्ने गरी राष्ट्रिय कमिटीबाट पदपूर्ति गरिनेछ ।

२. सबै निकायको बैठकको संचालन सम्बन्धित निकायले तयार गरेको कार्यविधिबमोजिम हुनेछ । यस्तो कार्यविधि राष्ट्रिय कमिटीबाट पारित भएपछि लागू हुनेछ ।

भाग–९

## राजीनामा, पदरिक्तता र पदपूर्ति

### धारा–४८ राजीनामा

राष्ट्रिय कमिटी एवम् महाधिवेशन प्रतिनिधि परिषद्का कुनै पनि पदाधिकारी तथा सदस्य तथा केन्द्रीय निकायहरूको प्रमुख तथा सदस्यहरूले राष्ट्रिय कमिटीको अध्यक्षसमक्ष, अध्यक्षले राष्ट्रिय कमिटी उपाध्यक्षसमक्ष राजीनामा पेस गर्न सक्नेछ । राजीनामा पेश गरेपछि सम्बन्धित पदाधिकारी तथा सदस्य स्वतः पदमुक्त हुनेछन् ।

### धारा–४९ पदरिक्तता र पदपूर्ति

१. देहायका अवस्थामा परिषद्, राष्ट्रिय कमिटी वा निकायका पदाधिकारी तथा सदस्यको पदरिक्त भएको मानिनेछ :

   क. मृत्यु भएमा ।

   ख. विधानबमोजिम राजीनामा दिएमा ।

   ग. अनुशासनको कारबाहीमा परी निश्कासन भएमा ।

   घ. मानसिक सन्तुलन ठीक नभएमा ।

   ङ. लिखित सूचना नदिई लगातार तीनपटक वा पटक–पटक गरी ५ पटकसम्म सम्बन्धित कमिटीको बैठकमा उपस्थित नभएमा ।

च. सदस्य यूनियनबाट निर्वाचित भएका व्यक्ति उक्त यूनियनले निश्कासन गरेमा वा सदस्य यूनियन विघटन भएमा वा सदस्य यूनियन महासंघबाट अलग भएमा त्यस यूनियनका प्रतिनिधि सदस्यहरू।
तर राष्ट्रिय कमिटीमा निर्वाचित व्यक्तिको हकमा राष्ट्रिय कमिटीले निर्णय नगरेसम्म उल्लिखित निर्णय लागू हुने छैन।

२. महाधिवेशन प्रतिनिधि परिषद्को पूर्ण सदस्यको पदरिक्त भएमा पहिलो वैकल्पिक सदस्य र निजसमेत नभएमा दोस्रो वैकल्पिक सदस्यले परिषद् सदस्य भई कार्य गर्नेछन्।

३. राष्ट्रिय कमिटीका सदस्यको पद रिक्त भएमा राष्ट्रिय कमिटीले पदपूर्ति गर्नेछ। अन्य निकायको पद रिक्त भएमा प्रतिनिधि परिषद ्र परिषद्को बैठक नभएको अवस्थामा राष्ट्रिय कमिटीले पदपूर्ति गर्नेछ।

४. अन्य मातहत कमिटीको पदरिक्त भएकोमा निर्वाचित कमिटीको हकमा सोही कमिटीले र मनोनयनद्वारा गठन भएकोमा मनोनयन गर्ने कमिटीले नै पदपूर्ति गर्नुपर्नेछ।

भाग–१०

# अनुशासनको कारवाही

**धारा–५० खराब आचरण**

देहायका अवस्था विद्यमान भएमा महासंघको पदाधिकारी, सदस्य, सदस्य यूनियनका केन्द्रीय कमिटी सदस्य तथा कुनै संरचनामा रहेको कुनै व्यक्तिले खराव आचरण मानिनेछ :

१. विधानमा उल्लेख भएको वा कमिटीले दिएको जिम्मेवारी पूरा नगरेमा।

२. महासंघ तथा सदस्य यूनियनको विधान र कार्यक्रम, नीति, निर्णयविपरीत कार्य गरेमा वा नेतृत्वको निर्देशन पालना नगरी त्यसको बर्खिलाप गर्दै हिँडेमा।

३. समानान्तर संगठन खोलेमा वा अन्य ट्रेड यूनियनको सदस्य बनेमा।

४. गलत उद्देश्यहरूबाट प्रेरित भई यूनियनमा घुसपैठ गरेमा वा यूनियन विरोधी गुप्त वा खुल्ला गतिविधि गरेको थाहा लागेमा।

५. यौन दुरुत्साहन तथा अन्य प्रकारको खराब आचरण गरेमा।

६ चरित्रहीन तथा नैतिकहीन कार्य गरेको ठहरेमा, आर्थिक अनुशासन पालना नगरी यूनियनको सम्पत्ति दुरुपयोग, हिनामिना वा भ्रष्टाचार गरेमा।

**धारा–५१ कारवाही**

उपरोक्त खराब आचरण गरेमा निम्न कारवाही गर्न सकिनेछ :

१. गल्ती वा खराब आचरणको प्रकृति हेरी कमिटीले क्रमशः आलोचना, कडा आलोचना, चेतावनी, निलम्बन तथा निश्कासन समेत गर्नेछ।

२. मुख्य सचिवले आफ्नो दायित्व निर्वाह नगरेको र निजमाथि सांगठनिक गोपनियतासम्बन्धी प्रश्न उठेमा केन्द्रीय सचिवालयको निर्णयअनुसार कुनै पनि समय बर्खास्त गर्न सकिनेछ।

३. कुनै पनि सदस्यलाई कारवाही गर्नुपूर्व सुनुवाइको मौकाबाट बञ्चित गरिने छैन।

४. राष्ट्रिय कमिटी एवं परिषद् सदस्यलाई कारवाही गर्नुपर्दा राष्ट्रिय कमिटीको २/३ बहुमतले मात्र गर्नसक्नेछ। तर विशेष अवस्थामा अध्यक्षले कुनै पनि सदस्यलाई निलम्बन गरी अन्य कारवाहीको प्रक्रिया पूरा गर्न यस विधानको अन्य धारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन।

**धारा–५२ सदस्य यूनियनमाथि कारवाही गर्न सकिने**

१. कुनै सदस्य यूनियनको कार्यसमिति महासंघ तथा सम्बन्धित सदस्य यूनियनको विधान र लक्ष्य, उद्देश्य तथा कार्यक्रमविपरीत हिंडेमा वा नेतृत्वको निर्देशनको अपहेलना गरेमा वा श्रमिकको हितविपरीत व्यवस्थापनसँग अवैध साँठगाँठ गरेमा वा अन्य काम गरेमा त्यस्तो सदस्य यूनियनको केन्द्रीय समितिलाई राष्ट्रिय कमिटीले भङ्ग गर्न सक्नेछ।

२. उपधारा (१) अनुसार कार्यसमिति भङ्ग भएपछि राष्ट्रिय कमिटीले सदस्य यूनियनको सदस्यता प्राप्त सदस्यको अध्यक्षतामा तत्काल नयाँ अन्तरिम कार्यसमिति गठन गर्नुपर्नेछ।

३. यसरी गठित कार्य समितिले सम्बन्धित यूनियनको विधानबमोजिम ६ महिनाभित्र राष्ट्रिय अधिवेशन बोलाई नयाँ कार्यसमिति गठन गर्नुपर्नेछ।

भाग–११

# नेतृत्व निर्वाचन

**धारा–५३ निर्वाचन आयोग**

१. राष्ट्रिय कमिटीको लागि निर्वाचित हुने पदाधिकारी वा सदस्यको निर्वाचनका लागि राष्ट्रिय महाधिवेशनले र अन्य कमिटीको निर्वाचनको लागि सम्बन्धित तहको अधिवेशनले निर्वाचन आयोग गठन गर्न सक्नेछ ।

२. निर्वाचन आयोगमा प्रमुख तथा सदस्यहरू रहनेछन् ।

**धारा–५४ निर्वाचन कार्यक्रमको प्रकाशन**

१. निर्वाचन आयोगले महाधिवेशन तथा अधिवेशनबाट कमिटीमा पदेनबाहेक निर्वाचित हुने पदाधिकारी तथा सदस्य संख्या र निर्वाचन क्षेत्र निर्धारण भएपछि निर्वाचन कार्यक्रम प्रकाशन गर्नेछ ।

२. निर्वाचन कार्यक्रम प्रकाशन गर्दा मतदाता नामावाली प्रकाशन, दावी विरोध र अन्तिम मतदाता नामावलीको प्रकाशन, उम्मेदवारी दर्ता, उम्मेदवारले नाम फिर्ता लिने र दावी विरोध गर्ने समय, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र मतदानको समयसमेत उल्लेख गर्नुपर्नेछ । मतदान समाप्त हुनासाथ मतगणना हुनेछ ।

३. निर्वाचनसम्बन्धी अन्य कार्यविधि, उम्मेदवारी शुल्क निर्वाचन आयोगले निर्धारण गरी महाधिवेशन वा अधिवेशनबाट पारित गराई कार्यान्वयन गर्न सक्नेछ ।

**धारा–५५ उम्मेदवारी**

निर्वाचनमा उम्मेदवार हुन कुनै पनि सदस्यको निम्न योग्यता पुगेको हुनुपर्नेछ –

१. कुनै सेवा, उद्योग, औद्योगिक प्रतिष्ठान, कृषि श्रमिक, अनौपचारिक एवम् स्वरोजगार क्षेत्रमा एक वर्ष अविच्छिन्न सेवा गरेको । तर कूल महाधिवेशन प्रतिनिधि परिषद् सदस्यको २५ प्रतिशत सदस्यका लागि यो व्यवस्था लागू हुनेछैन ।

२. राष्ट्रिय कमिटीको पदाधिकारी र सदस्य पदमा उम्मेदवार हुन ६० वर्ष ननाघेको हुनु पर्नेछ । तर निर्वाचित भएपछि अर्को महाधिवेशन अगावै साठी वर्ष पूरा भए पनि सो कार्यकालभर काम गर्न बाधा पर्ने छैन ।

३. महासंघको सबै तहका कमिटीमा अध्यक्षले पटक–पटक वा लगातार दुई कार्यावधि कार्य सञ्चालन गरेपछि पुनः तेस्रो कार्यकालको लागि सोही पदमा उम्मेदवार हुन पाउने छैन।

**धारा–५६ निर्वाचन परिणाम**

१. आवश्यकताभन्दा बढी उम्मेदवार भएमा गोप्य मतदानद्वारा बहुमत प्राप्त व्यक्ति निर्वाचित घोषित गरिनेछ।

२. पदसंख्या र उम्मेदवार बराबर भएमा निर्विरोध घोषणा गरिनेछ।

३. मत बराबर भएमा गोलाप्रथाद्वारा निर्णय गरिनेछ।

४. सम्बन्धित कमिटीमा पदेन सदस्यहरूलाई पदेनरुपमा निर्वाचित घोषित गरिनेछ।

भाग–१२

# कोष तथा लेखापरीक्षण

**धारा–५७ कोष**

१. महासंघको राष्ट्रिय कमिटीलाई आर्थिकरूपमा सबल र सक्षम बनाउन यसको छुट्टै कोष हुनेछ। राष्ट्रिय कमिटीको निर्देशन, यस विधान तथा लेखाको मान्य सिद्धान्तको अधीनमा रही मातहत कमिटीले समेत कोष सञ्चालन गर्न सक्नेछन्।

२. कोषमा देहायका रकम जम्मा हुनेछ –

    क. सदस्यता शुल्क/नवीकरण शुल्क
    ख. लेवी
    ग. महासंघमार्फत् कुनै सभा, गोष्ठी, सेमिनारमा भाग लिने व्यक्तिबाट प्राप्त रकम।
    घ. विशेष अनुदान।
    ङ. अन्य।

## धारा–५८ कोषको परिचालन

१. सदस्य यूनियनले राष्ट्रिय कमिटीले तोकेबमोजिम सदस्य शुल्क तथा लेबी बुझाउनु पर्नेछ।

२. खास कामको लागि उठाएको रकम कुनै पनि कमिटीले तथा सदस्य यूनियनले सोही काममा आंशिक वा पूरा खर्च गर्न सक्नेछ।

३. राष्ट्रिय कमिटीले अन्यथा निर्णय गरेको बाहेक अध्यक्ष, महासचिव र आर्थिक प्रबन्धकमध्ये कुनै दुई जनाको हस्ताक्षरबाट खाता सञ्चालन गरिनेछ।

४. महासंघको सम्पूर्ण खर्च महासंघको कोषबाट व्यहोरिनेछ। खर्चको स्वीकृति राष्ट्रिय कमिटीबाट गराउनु पर्नेछ। तर मातहत कमिटीको खर्च सोही तहको कमिटीको कोषबाट व्योहोरिनेछ। खर्च अनुमोदन पनि सोही कमिटीले गर्नेछ।

५. राष्ट्रिय कमिटीले एउटा महाधिवेशनदेखि अर्को महाधिवेशनसम्मको आय–व्ययको पूरा विवरण महाधिवेशनमा पेश गर्नुपर्नेछ। मातहत कमिटीको आय–व्ययको विवरण सोही तहको अधिवेशनमा पेस गर्नुपर्नेछ।

६. महासंघको कोष सञ्चालनका लागि आर्थिक विभागले राष्ट्रिय कमिटीको स्वीकृति लिई नीति निर्माण गर्ने, कोष परिचालन नियमावली जारी तथा लागू गर्ने र मातहत कमिटी तथा सदस्य यूनियनको कोष सञ्चालनमा आवश्यक नियन्त्रण गर्न सक्नेछ।

७. मातहत कमिटीको कोष र त्यसको परिचालन राष्ट्रिय कमिटीले तोकेबमोजिम हुनेछ।

## धारा–५९ लेखापरीक्षण

१. प्रत्येक कमिटीले आफ्नो वार्षिक हिसाब–किताबको लेखापरीक्षण प्रत्येक वर्ष गर्नुपर्नेछ।

२. मातहत कमिटीहरूले वार्षिक हिसाब–किताबको लेखापरीक्षण गरी प्रत्येक वर्ष राष्ट्रिय कमिटीमा पेस गर्नुपर्नेछ र एक अवधिको हिसाब सोही तहको अधिवेशनमा पेस गर्नुपर्नेछ।

३. महाधिवेशनले लेखापरीक्षक नियुक्त गर्नेछ। लेखापरीक्षण प्रतिवेदन महाधिवेशनबाट पारित हुनुपर्नेछ।

५. यूनियनको आर्थिक अभिलेख दोहोरो लेखाप्रणाली बमोजिम राखिनेछ ।

६. सदस्य यूनियनले प्रत्येक वर्ष आफ्नो आम्दानी खर्चको वासलात महासंघको सचिवालयमा पठाउनु पर्नेछ ।

**धारा–६० आर्थिक नियमावलीको परिपालना**

महासंघको आर्थिक कारोबार सञ्चालन र नियमित गर्न राष्ट्रिय कमिटीले आर्थिक नियमावली तर्जुमा गर्नेछ । त्यस्तो आर्थिक नियमावलीको पालना गर्नु सम्पूर्ण सदस्यको कर्तव्य हुनेछ । उक्त नियमावली पालना नगर्ने व्यक्तिलाई खराब आचरणबापत आर्थिक कमिटीले कारवाहीका लागि राष्ट्रिय कमिटीसमक्ष अनिवार्यरूपमा प्रस्ताव गर्नु पर्नेछ ।

## भाग–१३
# विविध

**धारा–६१ महासंघका अन्य कार्यहरू**

नेपाल ट्रेड यूनियन महासंघको उद्देश्य प्राप्तिका लागि महासंघले ट्रेड यूनियन ऐन, २०४९ मा उल्लिखित कार्यहरू बाहेक देहायबमोजिमका कार्यहरू गर्नेछ :

१. श्रमजीवी वर्गको हित तथा कल्याणका लागि विभिन्न प्रकारका आर्थिक कोष तथा सहकारीको स्थापना गर्ने र सञ्चालन गर्ने ।

२. श्रमिकहरूको हकहितको संरक्षण र सम्बर्द्धन गर्ने सम्बन्धका विभिन्न प्रकारका दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने, हड्तालको आह्वान गर्ने तथा अन्य कानुनी कारबाही प्रारम्भ गर्ने ।

३. सदस्य यूनियनको विधानले दिएको अधिकार प्रयोग गरी त्यस्ता ट्रेड यूनियनलाई आवश्यक नीति निर्देशन जारी गर्ने र त्यस्ता यूनियनमाथि आफ्नो नियन्त्रण कायम राख्ने ।

४. महासंघका सदस्य ट्रेड यूनियन संघ र त्यस्ता संघका प्रतिष्ठानस्तरको ट्रेड यूनियन वा त्यस्ता संघको विधानबमोजिम गठित अन्य कमिटी वा यसै महासंघको विधानबमोजिम गठित मातहत कमिटीहरूले महासंघको नीतिविरुद्ध काम कारवाही गरेमा, त्यस्ता कमिटीको नियन्त्रणमा रहेको चलअचल सम्पत्ति हिनामिना गरेमा वा गर्ने सम्भावना भएमा वा त्यस्ता कमिटीउपर कारवाही भएकोमा त्यस्तो चलअचल

सम्पत्ति आफ्नै नियन्त्रणमा लिन वा अन्य कुनै तरिकाले त्यसलाई प्रचलन गर्न/गराउन वा वैकल्पिक व्यवस्था नभएसम्म त्यस्तो सम्पत्ति रोक्का गर्न सम्बन्धित निकायमा निवेदन दिने, त्यस्तो सम्पत्ति कानुनी प्रक्रिया पूरा गरी फिर्ता लिन सक्नेछ ।

५. महासंघको लक्ष्य, उद्देश्य नीति तथा कार्यक्रम लागू गर्नका लागि अन्य आवश्यक काम कारवाही गर्ने तथा गराउने ।

**धारा–६२ महासंघ सम्मिलन हुनसक्ने**

१. यो महासंघ अर्को ट्रेड यूनियन महासंघसँग सम्मिलन भई ट्रेड यूनियन महासंघ बनाउन सक्नेछ । र, अन्य महासंघमा आबद्ध व्यक्ति तथा समूहलाई यस महासंघमा समाहित गर्न सक्नेछ ।

२. महासंघ सम्मिलन गर्ने र समाहित गर्नेसम्बन्धी आवश्यक सम्पूर्ण काम कारवाही राष्ट्रिय कमिटीले गर्न सक्नेछ ।

३. महासंघको तर्फबाट महासंघको नीति, सिद्धान्त, विचार तथा कार्यक्रमसँग सामिप्यता राख्ने अन्य महासंघसँग एकता प्रक्रियालाई प्रभावकारी बनाउन एकता संयोजन समिति बनाउनेछ । संयोजन समितिमा सम्भावित अन्य महासंघबाट समेत प्रतिनिधित्व हुने व्यवस्था गरी एकता प्रक्रियालाई अगाडि बढाउनेछ ।

४. एकता संयोजन समितिले यूनियनको सम्मिलनसम्बन्धी विषयमा सबै आधार तथा संगठनात्मक प्रस्ताव तयार गरी राष्ट्रिय कमिटीमा पेस गर्नेछ र कमिटीले अनुमोदन गरेपछि सम्मिलन हुनेछ ।

५. यस धाराबमोजिम सम्मिलन गर्दा विधानमा आवश्यक संशोधन गर्ने लगायतको अधिकारको प्रयोग संयोजन समितिको प्रस्तावअनुरुप राष्ट्रिय कमिटीले गर्न सक्नेछ ।

**धारा–६३ महासंघ विघटन**

राष्ट्रिय महाधिवेशनको २/३ बहुमतले महासंघ विघटन गर्ने निर्णय गरेमा महासंघ विघटन हुनेछ ।

**धारा–६४ वैदेशिक सम्बन्ध**

विदेशी ट्रेड यूनियन र सम्बन्धित विविध संघ–संस्थासँग मैत्री सम्बन्ध विस्तार गर्ने कार्य सम्पूर्ण सदस्य यूनियनको तर्फबाट समेत महासंघले गर्नेछ । तर महासंघको राष्ट्रिय कमिटीको

निर्णयअनुसार कुनै पनि सदस्य यूनियन कुनै अन्तर्राष्ट्रिय यूनियनको सदस्य हुन र अन्तर्राष्ट्रिय सम्बन्ध स्थापना गर्ने कुरामा यस धाराले बाधा पुऱ्याएको मानिने छैन।

**धारा–६५ सम्पत्ति र दायित्वको उत्तराधिकारी**

१. यो महासंघ विघटन भएमा यसको सम्पत्ति तथा दायित्व सदस्य यूनियनले बराबरी व्यहोर्नु पर्नेछ र अर्को महासंघसँग सम्मिलन भएमा नयाँ उत्तराधिकारी महासंघले सम्पत्ति तथा दायित्व व्यहोर्नु पर्नेछ।

२. उपधारा (१) बमोजिमको अवस्थामा बाहेक अन्य अवस्थामा महासंघको सम्पत्ति तथा दायित्वको उत्तराधिकार नेपाल सरकारको हुनेछ।

**धारा–६६ कर्मचारी नियुक्ति**

महासंघले यस विधानबमोजिम मुख्य सचिव र आर्थिक प्रबन्धक र आवश्यकताअनुसार कर्मचारी नियुक्ति गर्न सक्नेछ। मुख्य सचिव, आर्थिक प्रबन्धकलगायत कर्मचारीको नियुक्ति बर्खास्ती तथा सेवाका शर्त तोकेबमोजिम हुनेछ।

**धारा–६७ कार्यालय**

महासंघको केन्द्रीय कार्यालय काठमाडौंमा र अन्य कार्यालयहरू आवश्यकताअनुसार विभिन्न स्थानमा राख्न सकिनेछ।

**धारा–६८ अधिकार प्रत्यायोजन गर्न सक्ने**

महासंघको तर्फबाट कुनै अदालत तथा अधिकारीसमक्ष मुद्दा दायर गर्ने र प्रतिरक्षा गर्ने अधिकार अध्यक्ष वा महासचिव वा राष्ट्रिय कमिटीले तोकेको कुनै व्यक्तिलाई हुनेछ। यस महासंघको उद्देश्य पूरा गर्नका निमित्त विभिन्न कार्य गर्नका लागि महासंघले कुनै मातहत कमिटी वा राष्ट्रिय कमिटी सदस्य वा कर्मचारी वा अन्य कुनै व्यक्तिलाई निजले गर्नुपर्ने कामसमेत तोकी अधिकार प्रत्यायोजन गर्न सक्नेछ।

**धारा–६९ विधान संशोधन**

यो विधान राष्ट्रिय महाधिवेशनको बहुमतले संशोधन गर्न सक्नेछ।

**धारा–७० नियम बनाउन सक्ने**

राष्ट्रिय कमिटीले विधानसँग नबाझिने गरी नियम बनाउन सक्नेछ।

**धारा–७१ बाधा अड्चन फुकाउने**

यो विधान कार्यान्वयनको सिलसिलामा कुनै बाधा उत्पन्न भएमा राष्ट्रिय कमिटीले बाधा अड्चन फुकाउन सक्नेछ ।

**धारा–७२ अध्यक्ष मण्डल**

१. राष्ट्रिय महाधिवेशनले बन्दसत्र सञ्चालनको लागि अध्यक्ष मण्डल गठन गर्नेछ । अध्यक्ष मण्डलमा पदाधिकारीहरू सबै र आवश्यकताअनुसार अन्य व्यक्तिहरू रहनेछन् ।

२. अन्य अधिवेशन सञ्चालनका लागि सोही अधिवेशनले अध्यक्ष मण्डल गठन गर्न सक्नेछ ।

३. अध्यक्ष मण्डल गठन भए पनि नवनिर्वाचित कमिटीले शपथग्रहण नगरेसम्म कमिटी विघटन हुने छैन ।

**धारा–७३ शपथग्रहण**

राष्ट्रिय कमिटी वा कुनै पनि मातहत कमिटीमा निर्वाचित एवम् पदेन सदस्यले निम्नबमोजिम शपथग्रहण गर्नु पर्नेछ । शपथग्रहण समारोह महाधिवेशनस्थलमा वा अन्यत्र आयोजना गरी पद हस्तान्तरण कार्यक्रम गर्न सकिनेछ ।

# शपथग्रहण

म ..........................................................................................................................

नेपाली श्रमजीवी वर्गको नाममा सपथ लिन्छु, कि म नेपाली श्रमजीवी वर्गको हित र अधिकारका लागि सदासर्वदा लागिरहनेछु। नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट) को महाधिवेशनबाट पारित विधान र 'समाजवाद र श्रमजीवी वर्गको सम्मानित, समृद्ध र सिर्जनशील जीवन' को लक्ष्य, उद्देश्य तथा कार्यक्रमप्रति प्रतिबद्ध रही महासंघको काममा सधैं दृढतापूर्वक लागिरहनेछु। संगठनको अनुशासनको कडाइका साथ पालना गर्नेछु र संगठनको गोपनीयताको संरक्षण गर्नेछु। देश र सम्पूर्ण नेपाली जनताको हितलाई सर्वोपरी राखी लोकतान्त्रिक गणतन्त्रको सम्वर्द्धन र संरक्षणको लागि नेपाली श्रमजीवी वर्गको प्रतिनिधिको हैसियतले सदा लागिरहनेछु।

**आदरणीय शहीदहरू – लाल सलाम !**
**नेपाल ट्रेड यूनियन महासंघ – जिन्दावाद ! जिन्दावाद !**

## अनुसूची १



झण्डा

## अनुसूची २

प्रतिक चिन्ह (लोगो)


www.gefont.org

# नेपाल ट्रेड यूनियन महासंघ (जिफन्ट)

**केन्द्रीय कार्यालय, काठमाडौं**

**पो.ब.नं.**:१०६५२, मनमोहन मजदुर भवन, जिफन्ट प्लाजा, पुतली सडक
**फोन:** ४१६८०००, फ्याक्स: ४१६८००१, **ई–मेल:** office@gefont.org